# उत्कृष्ट युवा क्लबहरूलाई खेल सामग्री वितरण सम्बन्धी मापदण्ड, २०७८

युवा तथा खेलकुद मन्त्रालयको कार्य विवरण मध्ये युवा विकास पनि एक हो। गण्डकी प्रदेशका एघार जिल्लाका सबै स्थानीय तहमा गठन भइ सञ्चालनमा रहेका युवा क्लवलाई प्रोत्साहन गर्दै प्रभावकारी रुपमा परिचालन गर्ने उद्देश्यले युवा तथा खेलकुद मन्त्रालयले **उत्कृष्ट युवा क्लबहरूलाई खेल सामग्री वितरण सम्बन्धी मापदण्ड, २०७८** स्वीकृत गरेको छ ।

**१. प्रस्ताव आह्वानः**

उत्कृष्ट युवा क्लबहरुको छनोट गरी खेल सामग्री वितरण गर्ने प्रयोजनको लागि खेल सामग्री माग गर्न मन्त्रालयले सूचना पाटी र वेभसाइटमा कम्तिमा १५ दिनको सुचना आव्हान गर्नेछ ।

**२. प्रस्ताव पेश गर्नुपर्नेः** (१) मन्त्रालयले गरेको सुचनाका आधारमा युवा क्लवहरुले खेलकुद सामग्री माग गर्नको लागि अनुसुची १ बमोजिमको ढाँचामा जिल्ला खेलकुद समितिमा **प्रस्ताव** पेश गर्नुपर्नेछ। तर, युवा तथा खेलकुद मन्त्रालय वा प्रदेश खेलकुद परिषद्मा प्रस्ताव पेश गर्न बाधा पर्ने छैन ।

(२) जिल्ला खेलकुद विकास समितिमा प्राप्त प्रस्तावहरू आवश्यक कागजपत्र रूजू गरी दर्ता गरेर सूचनाको म्याद समाप्त भएको मितिले ७ दिनभित्र मन्त्रालयमा पठाउनुपर्ने छ ।

**३. पेश गर्नुपर्ने कागजातहरूः** दफा १ बमोजिम निवेदन पेश गर्दा देहायका कागजात समेत पेश गर्नु पर्नेछ ।

(क) युवा क्लब दर्ता र नविकरणको प्रमाण

(ख) क्लबको जग्गा र भवनको स्वामित्व सम्बन्धी विवरण

(ग) विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन र सहभागिता सम्बन्धी प्रमाण

(घ) जिल्ला खेलकुद विकास समितिको सिफारिश

(ङ) क्लबले प्राप्त गरेको सम्मान तथा पुरस्कार भए सो सम्बन्धी विवरण ।

**४. मूल्याङ्कनका आधारहरूः** (१) दफा १ बमोजिम परेका निवेदनका आधारमा खेलकुद सामग्री वितरणको लागि उत्कृष्ट युवा क्लब छनोट गर्ने मूल्याङ्कनका आधारहरु देहाय बमोजिम हुनेछन्

(क) क्लब सञ्चालनको अवधि,

(ख) क्लबमा आवद्ध सदस्यहरुको संख्या,

(ग) खेलकुद पूर्वाधारको अवस्था,

(घ) खेलकुद प्रतियोगितामा सहभागिता,

(ङ) खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धी विवरण,

(च) क्लबले प्राप्त गरेको सम्मान तथा पुरस्कार सम्बन्धी विवरण,

(छ) भौगोलिक अवस्था

(२) मूल्याङ्कनका आधारहरूको अङ्क विभाजन अनुसूची २ बमोजिम हुनेछ ।

**५. मूल्याङ्कन तथा सिफारिस समितिः** (१) खेलकुद सामग्री वितरणको लागि उत्कृष्ट युवा क्लब छनोट गरी सिफारिस गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः

| | |
|---|---|
| युवा तथा खेलकुद महाशाखा प्रमुख, मन्त्रालय | संयोजक |
| प्रतिनिधि, प्रदेश खेलकुद परिषद् | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| कानून अधिकृत, मन्त्रालय | सदस्य |

प्रमुख, युवा शाखा, मन्त्रालय                                         सदस्य सचिव

(२) समितिले युवा तथा खेल सम्बन्धी विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिमका आधारमा युवा क्लबहरुको मूल्याङ्कन गरी छनोटका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(४) समितिले अनूसुची १ बमोजिम माग भएका खेल सामग्रीहरूका आधारमा युवा क्लबहरूलाई दिने खेल सामग्रीको प्याकेज समेत सिफारिश गर्नेछ ।

(५) समितिले मूल्याङ्कन गर्दा जिल्ला र स्थानीय तहलाई समेत आधार मानी सिफारिस गर्नेछ।

६. **उत्कृष्ट युवा क्लबहरूको छनौटः** (१) मन्त्रालयले मूल्याङ्कन तथा सिफारिस समितिले गरेको सिफारिसका आधारमा खेलकुद सामग्रीको प्याकेजका लागि उत्कृष्ट युवा क्लब छनोट गर्नेछ।

७. **खेल सामग्री माग गर्नेः** प्रस्तावक क्लबले बढीमा बीस हजार सम्मको खेलकुद सामग्रीको मूल्य सूची सहित माग गर्नुपर्नेछ।

८. **खेल सामग्री वितरणः** (१) मन्त्रालयले दफा ५ बमोजिम गरेको छनोटका आधारमा सम्बन्धित युवा क्लबहरुलाई खेल सामग्री वितरण गर्नेछ।

## अनुसूची –१

दफा १ को उपदफा (१) सँग सम्बन्धित

युवा क्लबले दिने निवेदनको ढाँचा

(क) युवा क्लबको नामः .......................................... ............................................

(ख) ठेगानाः .................. ....................... ..............................

(ग) अध्यक्षको नाम .................. सम्पर्क फोन नः .................इमेलः............

(घ) सचिवको नाम ..................सम्पर्क फोन नः ....................इमेलः............

(ङ) क्लबमा आवद्ध सदस्यको संख्याः

(च) खेलकुद प्रतियोगितामा सहभागिता सम्बन्धी विवरणः

........................................................................................................................

(छ) खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धी विवरणः

........................................................................................................................

(ज) खेलकुद प्रतियोगितामा प्राप्त पुरस्कार सम्बन्धी विवरणः

........................................................................................................................

(झ) खेल सामग्रीको सूचीः

| सि नं | सामग्री | संख्या | अनुमानित मूल्य |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | | जम्माः | |

(ञ) निवेदनका साथ पेश गरेका कागजातहरुः

(क)युवा क्लब दर्ता र नविकरणको प्रमाण,

(ख)क्लबको जग्गा र भवनको स्वामित्व सम्बन्धी विवरण,

(ग)विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन र सहभागिता सम्बन्धी प्रमाण,

(घ)जिल्ला खेलकुद विकास समितिको सिफारिश,

(ङ)क्लबले सम्मान तथा पुरस्कार प्राप्त गरेको भए सो सम्बन्धी विवरण ।

.....................

हस्ताक्षर

मितिः

# अनुसूची २

## (दफा ३ को उपदफा (२) बमोजिमको प्रस्ताव मूल्याङ्कन फाराम)

| सि.नं | युवा क्लबको नाम | | उत्कृष्ट युवा क्लब छनौटका आधारहरू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क्लब सञ्चालनको अवधि | खेलकुद पूर्वाधारको अवस्था | सदस्य संख्या | खेलकुद प्रतियोगितामा सहभागिता | खेलकुद प्रतियोगिता सञ्चालन | सम्मान तथा पुरस्कार | भौगोलिक अवस्था | संस्थागत व्यवस्था | जम्मा | कै. |
| | अङ्कभार | १० | १५ | १० | २० | १५ | १० | १० | १० | १०० | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |

नोटः

१. युवा क्लब सञ्चालनको अवधिः प्रति वर्ष १ अंकका दरले बढीमा १० अंक,

२. खेलकुद पूर्वाधारको अवस्थाः प्रतिखेलको पूर्वाधार बराबर ५ अंकका दरले बढीमा १५ अंक,

३. क्लबमा आवद्ध भएका सदस्यहरुको संख्याः स्थानीय तहको वर्गको आधारमा 'क' र 'ख' वर्गको स्थानीय तहमा प्रति दश व्यक्ति २ अङ्कको दरले बढीमा १० अङ्क 'ग' र 'घ' वर्गको स्थानीय तहमा लागि प्रति बीस व्यक्ति २ अङ्कको दरले बढीमा १० अङ्क,

४. खेलकुद प्रतियोगितामा सहभागिताः प्रदेश, जिल्ला र स्थानीय  स्तरका प्रतियोगितामा सहभागी भएवापत प्रतिखेल क्रमशः ५,३ र २ अङ्कका दरले बढीमा २० अङ्क,

५. खेलकुद प्रतियोगिता सञ्चालनः प्रदेश, जिल्ला र स्थानीय  स्तरका प्रतियोगिता सञ्चालन गरेवापत प्रतिखेल क्रमशः ५,३ र २ अङ्कका दरले बढीमा १५ अङ्क,

६. क्लबले प्राप्त गरेको सम्मान वा पुरस्कारः अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय  स्तरको सम्मान वा पुरस्कार प्राप्त गरेवापत प्रति सम्मान वा पुरस्कार क्रमशः  ४, ३, २ र १ अङ्कका दरले बढीमा १० अङ्क

७. भौगोलिक अवस्थाः स्थानीय तहको वर्गको आधारमा 'क', 'ख', 'ग' र 'घ' वर्गको लागि क्रमशः १०,८,६ र ४ अङ्क

८. क्लबको संस्थागत व्यवस्थाः क्लबको कार्यालय, कर्मचारी, लेखा परिक्षण प्रतिवेदन र प्रगति प्रतिवेदनको आधारमा मूल्याङ्कन समितिले निर्णय गर्ने।